3/25/25, 4:40 PM not1.jpg

# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह
## कञ्चन, रुपन्देही

पत्र संख्या : ०८१/०८२
च.न :-

मिति : २०८१/१२/१२ गते

**विषय : शिलवन्दी बोलपत्र आव्हानको सूचना !!!**

प्रस्तुत विषयमा यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन योजना बमोजीम पुनरुत्पादन कटान हुने सव कम्पार्टमेन्ट C1S1, C2S1, C4S1 को प्रथम वर्किङ युनिट तथा ढलापडा गरी तपसिलको ठेक्का नं. १,२,४ र ५ वमोजिमको छपान भएको रुख (काठ दाउरा) कटान, मुछान गरी संकलन गर्ने कार्यको लागि ठेक्का दिनु पर्ने भएकोले शिलवन्दी बोलपत्रद्वारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न काठ व्यवसाय गर्ने उदेश्यले दर्ता भएका इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार शिलवन्दी वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) काठ दाउरा कटान मुछान तथा संकलन गर्ने कार्य लुम्बिनी साझेदारी वनको पुनरुत्पादन कटान गरिने सव कम्पार्टमेण्ट ठेक्का नं. १, C1S1 प्रथम वर्किङ युनिटका रुख १८९ थान (काठ ६१३३.४८ क्यु.फि. तथा दाउरा २४.८९ चट्टा), ठेक्का नं. २, C2S1, प्रथम वर्किङ युनिटका रुख २०४ थान (काठ ७५०९.०६ क्यु.फि. तथा दाउरा २३.३७ चट्टा), ठेक्का नं. ४, C4S1 प्रथम वर्किङ युनिटका रुख १०५ थान (काठ ४०९५.९५ क्यु.फि. तथा दाउरा ११.२१ चट्टा) तथा ढलापडा रुख थान १४६ थान (काठ ८९४३.५३ क्यु.फि. र दाउरा २२.४१ चट्टा) जम्मा रुख ६४४ को काठ २६६८२.०१ क्यु.फि. र दाउरा ८१.८८ चट्टा आँफुले कवुल गरेको दररेटमा कटान मुछान गरी घाटगद्दी गर्नु पर्नेछ ।

तपसिल:

| ठेक्का नं | सव कम्पाटमेन्ट | छपान रुख संख्या | छपान मुल्यांकन | | | लगत अनुमान (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| | | | जम्मा आयतन (क्यु.फिं) | काठ (क्यु.फिं) | दाउरा चट्टा | |
| १ | C1S1_Working Unit 1 | १८९ | १४४३१.४५ | ६१३३.४८ | २४.८९ | १२७९८८९.२४ |
| २ | C2S1_Working Unit 1 | २०४ | १५२९८.०८ | ७५०९.०६ | २३.३७ | १४५७२४९.०४ |
| ४ | C4S1_Working Unit 1 | १०५ | ७८३३.५६ | ४०९५.९५ | ११.२१ | ७७११३५.९४ |
| | पुनरुत्पादन कटानको जम्मा | ४९८ | ३७५६३.०९ | १७७३८.४९ | ५९.४७ | |
| ५ | ढलापडा | १४६ | १६४१३.३० | ८९४३.५३ | २२.४१ | १६५१८५५.४२ |
| | कुल जम्मा | ६४४ | ५३९७६.३९ | २६६८२.०१ | ८१.८८ | |

घाटगद्दी र संकलन हुने क्षेत्रको दुरी : ०-५ कि.मि. ।
संकलन खर्च : काठ प्रति क्यु.फि. रु. १४६/- र दाउरा प्रति चट्टा रु. १५४४४/- को दरले मु.अ.कर बाहेक ।

२) दरभाउपत्र प्राप्त गर्न चाहने व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले प्रस्तुत सूचना प्रकाशित भएको मिति २०८१/१२/१२ (राष्ट्रिय दैनिक, बुटवल टुडे, वर्ष १३, अंक १५२) ले १५ औं दिन मिति २०८१/१२/२६ गते सम्म कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाण, मु.अ. कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी छुट्टाछुट्टै दरभाउपत्रको लागी रु. १०००/- तिरि (फिर्ता नहुने) यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाइको कार्यालय, फायरलाईन तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट वाट प्राप्त गर्न सकिने छ ।

२०८१/१२/१२

Scanned with CamScanner

# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह

## कञ्चन, रुपन्देही

पत्र संख्या : ०८१/०८२

३) निवेदक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले मिति २०८१/१२/२७ गते कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी दरभाउपत्र खरिद गरेको निकायमा दरभाउपत्र दाखिला गर्न सकिने छ। जसको नामबाट दरभाउपत्र खरिद गरिएको छ सोहि नाममा दरभाउपत्र दाखिला हुनु पर्नेछ।

४) दरभाउपत्र जमानत बापत दरभाउपत्र साथ स्वीकृत लागत अनुमानको २.५% ले हुन आउने रकम (ठेक्को नं. १ को ३१,९९८/-, ठेक्का नं. २ को रु. ३६,४३२/-, ठेक्का नं. ४ को १९,२७९/- र ठेक्का नं. ५ को ४१,२९७/-) नगद वा यस समूहको राष्ट्रिय वाणिज्य बैंक, भैरहवा शाखाको खाता नं. ३०८०१००००५२३३००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट कम्तिमा ७५ दिन अवधिको वाणिज्य बैंक वा वितिय संस्थाले जारी गरेको सो रकम बरावरको दरभाउपत्र जमानत राख्नु पर्नेछ।

५) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कबोल अंकको १० प्रतिशत धरौटी वा जमानत राख्नु पर्नेछ।

६) दरभाउपत्र खाममा शिलवन्दी गरी (ना.प्र.प., कारोवार दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र समेत) खामको वाहिर शिलवन्दी संख्या, शिल संकेत दरभाउपत्र दाताको पुरा नाम थर, वतन, सम्पर्क ठेगाना र सम्पर्क फोन नं. तथा लुम्विनी साझेदारी वनको काठ, दाउरा कटान तथा संकलन कार्यको दरभाउपत्र उल्लेख गरी शिलवन्दी खाम पेश गर्नु पर्ने छ। अधुरो तथा अस्पष्ट ठेगाना उल्लेख भई पत्राचार गर्दा फरक परेमा कार्यालय जवाफदेहि हुने छैन।

७) म्याद भित्र पर्न आएका शिलवन्दी दरभाउपत्रहरु मिति २०८१/१२/२९ गते दिनको २:० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन।

८) दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट बुझिने गरि लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९) दरभाउपत्र खरिद/दाखिला/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो लगतै पछिको कार्यालय खुल्ने दिनमा सोहि वमोजिम हुनेछ।

१०) दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्वन्धि सम्पुर्ण अधिकार साझेदारी वन व्यवस्थापन समितिमा निहित रहने छ। कारणवस दरभाउपत्र स्विकृत नभएमा वा नेपाल सरकारवाट अन्य कुनै व्यवस्था भएमा दरभाउपत्र दाताले अन्यथा दावि गर्न पाउने छैन।

११) म्याद भित्र करारनामा गर्न नआउने/कार्य सञ्चालन शुरु नगर्ने दरभाउपत्र दाताको धरौटी जफत गरी प्रचलित कानून वमोजीम गरिनेछ।

१२) वन पैदावार कटान, मुछान, घाटगद्दी गर्ने सम्वन्धमा वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका २०७३ मा भएको व्यवस्था मान्य हुनेछ। म्याद नाघि आएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

१३) उत्पादन भएको काठदाउराको परिमाण वमोजिम हुन आउने रकम मात्र भुक्तानी गरिने छ।

१४) यस सूचनामा उल्लेख भए जतिमा सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र यस सम्वन्धमा आकर्षित हुने प्रचलित कानुन वमोजिम हुनेछ।

१५) सूचना वमोजिम दरभाउपत्र पेश गरी सके पछि सूचनाका शर्त सम्वन्धमा उठाईने कुनै विवाद स्वत: अमान्य हुनेछ।

१६) सूचनमा कुनै त्रुटी भए त्रुटी सत्याउने अधिकार साझेदारी वन व्यवस्थापन समितिलाई हुनेछ।

१७) यस सम्वन्धि केहि थप कुरा बुझ्नु परेमा लुम्विनी साझेदारी वन व्यवस्थापन समितिको कार्यालय, कञ्चन ५, फायरलाईन, रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ।

Scanned with CamScanner